# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश,नेपाल

प.सं.२०८०।८१
च.न.:

मितिः २०८०/१०/२८
ने.स : ११४४ सिल्लाथ्व ,२ आइतबार

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२८**

अर्जुनधारा नगरपालिका कृषि विकास शाखाको आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत रैथानेबाली कार्यक्रम सञ्चालन गर्न यस नगरपालिका भित्र रैथाने बाली ( फापर,आलस,तील,फिलुङ्गे,कोदो ) लगायतका बाली लगाउने कृषक समूह/कृषि फर्मलाई प्रति कठ्ठा रु.६०० का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय भएको हुदा रैथाने बाली लगाएका इच्छुक कृषक समूह/कृषि फर्महरुले सूचना प्रकाशन भएको मिति देखी १० दिन ( मिति २०८०/१०/२८ देखी मिति २०८०/११/०८ गते )भित्र आवश्यक कागजात सहित आवेदन पेश गर्न जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु :**
१.कार्यक्रम माग निवेदन ।
२.कृषक समुह/कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३.स्थाई लेखा नम्बर ( PAN) दर्ताको प्रतिलिपि ।
४.सम्बन्धित वडाको सिफारिस पत्र ।
५.कृषक समुहको निणर्यको प्रतिलिपि ।
६.कार्यक्रम संचालन हुने स्थानको ठेगाना जग्गा धनीपुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए ५ बर्षको करार सम्झौताको प्रतिलिपि ।

२०८० ।१०।२८
तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
**श्री सूचना प्रविधि शाखा कार्यालयको फेसबुक पेज र वेवसाइटमा अपलोड गर्नुहुन ।**

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np